म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्कः- ३३४ २०८० कार्तिक २३ गते बिहीबार 9 November 2023, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

सामाजिक तथा धार्मिक सद्भाव कायम राखौं ।

- सामाजिक सद्भावमा आँच आउने वा अन्य पक्षलाई भड्काउने कार्य नगरौं,
- धार्मिक आस्था, विश्वास र संस्कृतिमाथि अनुचित प्रहार एवं धार्मिक विद्वेष फैलाउँने नगरौं,
- सामाजिक मर्यादा विपरितका कार्य गर्न उक्साउने वा प्रोत्साहन गर्ने जस्ता कार्य नगरौं ।
- सामाजिक सद्भाव कायम गरौं, निजी तथा सार्वजनिक जीवनमा असर पार्ने गलत कार्य नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रदेश सरकारको निर्णय

जाजरकोट भूकम्पपीडितलाई डेढ करोड दिने, प्रदेश भ्रमण वर्ष २०२४ घोषणा प्रस्ताव स्वीकृत

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको मन्त्रीपरिषद् बैठक बुधबार बसेको छ । बैठकमा जाजरकोट भूकम्पपीडितको राहतका लागि कर्णाली प्रदेश सरकारलाई एक करोड ५० लाख सहयोग गर्ने निर्णय भएको छ । मन्त्रीपरिषद् बैठकले जाजर कोट भूकम्पपीडितको राहतका लागि एक करोड ५० लाख रुपैयाँ सहयोग गर्ने निर्णय भएको बागमती प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले जानकारी दिनुभयो ।

प्रदेश सरकारले यसअघि भूकम्पपीडितका लागि सहयोग गर्ने घोषणा गरेको थियो । भूकम्प पीडितहरूको राहत, उद्दारका लागि बागमती प्रदेश सरकारमातहत कार्यरत कर्मचारीहरुले १ करोड २५ लाख रुपैयाँ आर्थिक सहयोग गर्ने घोषणा गरेको छ । बुधबारको मन्त्रीपरिषद् बैठकले प्रदेशका ५ वटा मन्त्रालयको संगठन संरचना तथा दरबन्दी तेरिज स्विकृत गरेको छ । जसमा भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत ३ सय १७ जना, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका ३८ जना, सञ्चार र जिष्टार कार्यालयका १० जना, संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयका एक सय ३ जना, कृषि तथा पशुपन्छि विकास मन्त्रालयमा ५ सय ८३ जना, खानेपानी उर्जा तथा सिंचाई मन्त्रालयमा ३ सय ४६ जना कर्मचारीलाई तेरिज गर्ने निर्णय भएको छ ।

बैठकले प्रदेशका अधिकृतस्तर एघारौं तहमा ३ जनालाई बढुवा तथा पदस्थापन गर्ने निर्णय गरेको छ । जसमा कृषि विकास निर्देशनालय हेटौंडाको प्रमुखमा सुधीर श्रेष्ठ, कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र भण्डाराको प्रमुखमा नारायण कुमार श्रेष्ठ र डा. गौरीमान श्रेष्ठलाई पशुपन्छि तथा मत्स्य विकास निर्देशनालय हेटौंडाको निर्देशकको रुपमा पदस्थापना गरिएको सरकारका प्रवक्ता श्रेष्ठले बताउनुभयो । यस्तै, प्रदेश प्रमुखको कार्यालय सवलीकरण कार्यक्रम अन्तर्गत १० लाख रुपैयाँ विनियोजन गरेको छ । जसमा सवारी साधन इन्धन खर्च २ लाख ५० हजार, कर्मचारीको क्षमता अभिवृद्धि तालिमका लागि एक लाख ५० हजार, आन्तरिक तथा अन्तरप्रदेश अवलोकन भ्रमण खर्च ६ लाख रहेको छ ।

उपसभामुखको अष्ट्रेलिया भ्रमणका लागि मनोनयन गरी सरकारी प्रवेशआज्ञा (भिसा) का लागि संघीय सरकारलाई सिफारिस गरेको छ । पर्यटन पूर्वाधार संचालन तथा व्यवस्थापन कार्यविधि व्यवस्थापन कार्यविधि २०८० स्विकृत गरेको छ । बागमती प्रदेश भ्रमण वर्ष २०२४ घोषणा गर्ने प्रस्ताव पारित भएको छ । बागमती प्रदेशले विगतमा पर्यटन भ्रमण वर्ष उद्घाटन गर्ने र रोक्ने गर्दै आएकोमा संचारकर्मीले राखेको प्रश्नमा मन्त्री श्रेष्ठले विगतका दिनमा जस्तो यस वर्ष नहुने बताउनुभयो ।

हेटौंडाका साइकलयात्रीको मेची-महाकाली यात्रा सम्पन्न

महाकाली पुगेरका साइकलयात्रीको समूह ।

समाज संवाददाता

हेटौंडाः "स्वास्थ्य, पर्यावरण, पर्यटन र साइकल संस्कृति विकासको निम्ति साइकल" भन्ने सकारात्मक सन्देश प्रवाह गर्दै नेपालको पूर्वी नाका मेचीबाट सुरु भएको हेटौंडाका साइकलयात्रीको साइकलयात्रा पश्चिम नेपालको महाकाली पुगेर सम्पन्न भएको छ । यात्रा सुरु गरेको ११ औं दिनमा मंगलबार कञ्चनपुर जिल्लाको महाकालीमा पुगेर यात्रा सम्पन्न भएको साइकलयात्री टोलीका सदस्य भानुभक्त आचार्यले बताउनुभयो ।

झापाको मेचीबाट कार्तिक ११ बाट सुरु भएको यात्रा महाकालीसम्म करिब १ हजार किलोमिटरभन्दा बढी दूरी पार गरेर सम्पन्न भएको उहाँले बताउनुभयो । हिमालयन राईडर्स सोसाइटी हेटौंडाको समन्वयमा सोसाइटीका संस्थापक अध्यक्ष चेतनाथ आचार्यको नेतृत्वमा १३ सदस्यीय साइकलयात्रीको समूहले यात्रा गरेका थिए । साइकलयात्रामा हेटौंडाका ११ जना र बुटवलका २ गरी १३ जना रहेका थिए । साइकलयात्री समूहमा हेटौंडाबाट लक्ष्मीचरण श्रेष्ठ, भानुभक्त आचार्य, चेतनाथ आचार्य, बुद्धिबहादुर आलेमगर, राजु थापामगर, लेखनाथ ढकाल, सरोज लामिछाने, ओकिलराज बानियाँ, विकास बानियाँ, सीता श्रेष्ठ र दुर्गाप्रसाद लामिछाने हुनुहुन्थ्यो । बुटवलबाट सुशील चौधरी र सुरज खत्री सहभागी हुनुहुन्थ्यो । साइकलयात्रामा सहभागी सदस्यमध्ये श्रेष्ठ र भानुभक्त आचार्य दोस्रो पटक मेची-महाकाली साइकल यात्रा गर्नुभएको हो । श्रेष्ठ र आचार्यले यसअघि २०५४ सालमा साइकल यात्रा गर्नुभएको थियो ।

दोस्रो पटक मेची-महाकाली साइकलयात्रा तय गर्नुभएका आचार्यले आफुहरुको यात्रा सुखद् भएको बताउनुभयो । यात्राका क्रममा कसैलाई पनि स्वास्थ्यमा र साइकलमा समस्या नआएको उहाँले बताउनुभयो । यात्राका क्रममा आफुहरुलाई सबैबाट साथ, सहयोग र माया प्राप्त भएको उहाँले बताउनुभयो । नेपालको झण्डा फहराउँदै यात्रा गरेको देख्दा सबैको ध्यान आफुहरुतर्फ पुग्ने गरेको र सबैले खुशीका साथ आफुहरुलाई सफल यात्राको कामना गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "यात्राका क्रममा केही बालबालिकाहरुले हामीलाई विदेशी ठान्ने गर्थ्यो । अङ्ग्रेजीबाटै हालखबर सोध्ने र यात्राको कामना गर्थ्यो अनि हामीले नेपाली हो भनेर भन्दा अचम्मित हुने गर्थे । बाटो-बाटोमा प्रहरीहरुले बसौं, पानी पिऔं भन्ने माया पायौं । यात्रा अविस्मरणीय भयो ।" आचार्यले यात्राका क्रममा २२ जिल्लामा साइकल नेटवर्क समेत बनाएको बताउनुभयो । आफ्नै व्यक्तिगत खर्चमा यात्रामा निस्किएका टोलीहरुको करिब १५ हजार रुपैयाँसम्म खर्च भएको उहाँले बताउनुभयो । हिमालयन राईडर्स सोसाइटी हेटौंडाका अध्यक्ष राम श्रेष्ठले केही दिनपछि साइकलयात्री टोलीलाई प्रशंसापत्र प्रदान गर्ने बताउनुभएको छ ।

हेटौंडा बजारमा तिहारको रौनक

हेटौंडा बजार क्षेत्रमा प्लास्टिकका फुलसहित बिक्रीका लागि राखिएका साजसज्जाका सामग्री ।

समाज संवाददाता

हेटौंडाः हेटौंडाका बजारमा तिहारको रौनक देखिन थालेको छ । बजारका पसलहरुमा प्लास्टिकका रंगीचंगी माला, घर सजावटका सामग्री, माटाका पालाहरु र सप्तरंगी रंगहरु बेच्न राखिएको छ ।

व्यावसायिक भवन र आवासीय भवनमा समेत झिलिमीली बत्ती बाल्न थालिएको छ । नेपालीहरुले तिहारलाई फुल र उज्यालो पर्वको रुपमा मनाउने गरेका छन् । तिहार दशैं पछिको ठूलो पर्व हो । व्यवसायीले उपभोक्ता आकर्षित गर्न पसल सजिसजाउ गरे पनि बजारमा उपभोक्ताको उपस्थिति र कारोबार भने न्यून छ ।

यस वर्ष कार्तिक २५ गतेदेखि २९ गतेसम्म तिहार परेको छ । तिहार पर्व कार्तिक कृष्ण पक्ष त्रयोदशीका दिन काग तिहारको नामले शुरु भएर कार्तिक शुक्ल पक्षको द्वितीया तिथिको भाइटीकासम्म (पाँच दिन) मनाइन्छ । पाँच दिनसम्म मनाईने तिहारको सम्बन्धमा हिन्दू धर्मशास्त्रका पौराणिक कथाहरू छन् ।

सूर्यका छोरा यमराजले आफ्नी बहिनी यमुनाको निम्तो स्वीकार गरी बहिनीका घरमा गई रमाइलो मनाएको हुँदा यी पाँच दिनलाई यमपञ्चक मानिएको कुरा हिन्दू शास्त्रमा उल्लेख गरिएको छ । यसरी रहँदा-बस्दा यमुनाको व्यवहारले निकै प्रसन्न भई यमराजले बहिनी यमुनालाई जे मन लाग्छ वर माग भन्दा यमुनाले हरेक वर्ष आजकै दिन मलाई भेट्न आउनुपर्ने, साथै दिदी-भाइ दाजु-बहिनीको प्रेम सदा अटल रहोस् र दाजु भाइको आयू, कीर्ति सदा वृद्धि होस् भन्ने वरदान मागिन ।

यमराजले पनि तथास्तु भन्दै मनसा, वाचा, कर्मणा र शुद्धचित्तले यस प्रकारसँग भ्रातृपूजा गर्ने गराउनेहरुको सदा उन्नति हुने तथा कीर्ति पनि फिँजिने वर दिई आफ्नी बहिनीसँग बिदा भई गएको र यसरी प्राचीन कालदेखि अहिलेसम्म अविच्छिन्नरुपले यो पर्व मानिँदै आएको परम्परा छ ।

मन्त्रीको अंगरक्षकको मृत्यु प्रकरण

हत्याको आशंकामा परिवारले दिए प्रहरीमा जाहेरी

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको भौतिक योजना तथा पूर्वाधार विकास मन्त्री युवराज दुलालका अंगरक्षकको मृत्यु प्रकरणमा मृतकका परिवारले प्रहरीमा जाहेरी दिएका छन् । मंगलबार साँझ अंगरक्षक यामबहादुर सुवेदीका परिवारले जिल्ला प्रहरी कार्यालय मकवानपुरमा जाहेरी दिएको प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिनुभयो ।

घटनाबारे पोष्टमार्टमको रिपोर्ट आएपछि स्पष्ट हुने प्रवक्ता भण्डारीले बताउनुभयो । मृतक यामबहादुरका परिवारले बुझाएको जाहेरी मंगलबार साँझ नै दर्ता भएको उहाँले बताउनुभयो । शवको पोष्टमार्टमपछि मंगलबार साँझ नै दाह संस्कारसमेत भइसकेको छ । मंगलबार बिहान हेटौंडा-११ स्थित वनदेवी मन्दिर नजिकै सुवेदी मृत भेटिएका थिए । मकवानपुरको मनहरी गाउँपालिका-७, बिजौनाका सुवेदी धादिङ जिल्लाको खानीखोला प्रहरी कार्यालयमा दरबन्दी भई मन्त्री दुलालको अंगरक्षकको रुपमा कार्यरत थिए । सोमबार साँझ ड्युटी सकेर निस्किएका सुवेदी मंगलबार बिहान सालको रुखमा झुण्डिएको अवस्थामा मृत भेटिएका थिए ।

मनहरी अस्पतालमा जनशक्तिको अभाव

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकास्थित मनहरी अस्पतालमा जनशक्तिको अभाव रहेको छ । मनहरी अस्पतालमा अहिले जनशक्तिको अभाव रहेको मनहरी अस्पतालका मेडिकल अधिकृत विजय साह कानुले जानकारी दिनुभयो । अहिले मनहरी अस्पतालमा डा. कानुका साथ डा. रेसु रत्न थिङ गरी दुई जना मेडिकल अधिकृत हुनुहुन्छ ।

मनहरी अस्पतालमा राक्सिराङ र कैलाश गाउँपालिकाका सर्वसाधारण पनि स्वास्थ्य परीक्षण गराउन आउँछन् । डा. कानुका अनुसार नेपाल सरकारले दिने निःशुल्क औषधी बाहेक अस्पतालमा स्वास्थ्य बीमा रहेको छ । मनहरी अस्पताल एक आधारभुत अस्पताल भएका कारण अस्पतालमा सामान्य जाँच हुने गरेको छ । सामान्य जाँच हुँदा पनि अस्पतालमा दैनिक ३ सय भन्दा बढि बिरामी आउने गरेका छन् । अहिले चाडपर्व भएकोले अस्पतालमा २ सय २० देखि २ सय ३० जनासम्म स्वास्थ्य परीक्षण गराउन आउने गरेका डा. कानुले जानकारी दिनुभयो ।

मनहरी अस्पतालमा अहिले धेरै सुविधाहरु भए पनि अस्पताललाई औषधी खरिद गर्न भने गाह्रो हुने गरेको छ । मनहरी अस्पतालमा सेवाग्राहीको चापका आधारमा ७ जना मेडिकल अधिकृत आवश्यक हुने डा. कानु बताउनुहुन्छ । मनहरी अस्पतालमा रक्तचाप, ग्यास्ट्रिक, दम, मधुमेह, डेंगु, टाईफाइडका बिरामी आउने गरेका छन् । पूर्व-पश्चिम राजमार्गसँगै भएकोले दुर्घटनाका घाइतेलाई पनि उपचारका लागि मनहरी अस्पताल ल्याउने गरिन्छ ।

अस्पतालमा ५ वर्षभन्दा कम उमेर का र ६० वर्षभन्दा बढी उमेरका सेवाग्राही आउने गरेका छन् । डा. कानुका अनुसार मनहरी गाउँपालिकामा स्वास्थ्य क्षेत्रको मासिक बैठक हुने गरेको कानुले बताउनुभयो । बैठकमा पालिकाहरुको स्वास्थ्य क्षेत्रमा पर्ने हरेक संस्था र अस्पतालले आफ्नो कमि कमजोरीको विषयमा छलफल, मासिक समिक्षा तथा पालिकावासीलाई सहज हुने गरी कामको बारेमा छलफल गर्ने गरेको कानुले बताउनुभयो । मनहरी अस्पतालमा रातिको समयमा मद्यपान गरेर बाहिरको मानिसहरुले हल्ला तथा धम्की समेत दिने गरेको उहाँले बताउनुभयो ।

स्वास्थ्यकर्मीको हकमा यी सबैबाट सुरक्षा आवश्यक भएको डा. कानुले बताउनुभयो । मनहरी अस्पतालले उपचार गर्न नसकेका बिरामीलाई आवश्यकताअनुसार हेटौंडा अस्पताल, चितवन र काठमाडौंस्थित निजी तथा सरकारी अस्पतालमा रेफर गर्ने गरेको छ । डा. कानुका अनुसार अहिलेको मौसम परिवर्तनको समयमा धुलो, चिसोबाट बच्नु पर्ने बताउनुभयो ।

स्वादिष्ट नेवारी खाजा

अब होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत

सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

सम्पादकीय

पूर्वाधारसँगै समग्र योजना बनाउ

एक जोडी कलाकारका मध्यम योजनाले सफलता प्राप्त गर्दै गर्दा विशाल योजनाको लोभले निम्त्याएको अपुरो संरचना हो चितवनको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला । क्रिकेट खेलप्रति नेपाली समाजको आकर्षण र अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली टिमको आशलाग्दो प्रस्तुती जारी रहँदा हाँस्य कलाकार दम्पत्ति सिताराम क`ल र कुञ्जना घिमिरे अर्थात धुर्मुस-सुन्तुलीले आफ्नै नामको प्रतिष्ठान गठन गरेर गौतमबुद्ध अन्तर्राष्ट्रिय रंगशाला निर्माणको योजना बनाएको हो । उच्च पहाड र तराईमा जनताको घर बनाएर लोकप्रिय बनेका कलाकार दम्पत्तिले अर्बौं रुपैयाँ लगानी गर्नुपर्ने बहुबर्षीय योजनाको रुपमा क्रिकेट रंगशाला निर्माणलाई आमरुपमा सकारात्मक ठानियो ।

राज्य संयन्त्रहरु असफल भइरहेका बेला जनताका लागि आशाको किरण बनेर आएको धुर्मुस-सुन्तली फाउण्डेशनप्रति आशंकाको दृष्टि आमरुपमा रहेन । जसका कारण सुरुवाती चरणमा असाध्यै लोकप्रिय र चर्चाका साथ रंगशाला निर्माणको काम सुरु भयो । सुरुवाती चरणमा भरतपुर महानगरपालिकादेखि बागमती प्रदेशका पालिका तहबाट समेत उल्लेखनीय सहयोग जारी रह्यो । अन्तर्राष्ट्रिय रंगशालाको एउटा खाका तयार हुँदै गर्दा विशेषत: कोभिड-१९ महामारीले विश्व समुदायलाई नै त्रसित बनाएसँगै प्रभावित बन्न पुग्यो । कोभिड-१९ महामारीसँगै क्रिकेट रंगशाला निर्माणमा आन्तरिक व्यवस्थापनको कमजोरीका कारण अविश्वासको वातावरण बन्दै गयो । रंगशालामा लगानी गर्ने हातहरु घट्दै गए । अन्तत: धुर्मुस-सुन्तली फाउण्डेशनले रंगशाला निर्माणको योजनाबाट हात झिक्नुपर्ने अवस्था आयो ।

कोमामा पुगेको एउटा परियोजनालाई विशेषत: भरतपुर महानगरपालिकाको पहलमा पुनर्जीवन प्राप्त हुने संकेत देखिएको छ । भरतपुर महानगरपालिकाको प्रयासमा बागमती प्रदेश सरकारले ठूलो साथ र सहयोगको प्रतिवद्धता व्यक्त भएको छ । भरतपुर महानगरपालिकाले ३० प्रतिशत र बागमती प्रदेश सरकारले ७० प्रतिशत लगानी गर्ने सहमति भएको छ । एउटा अन्तर्राष्ट्रिय रंगशाला निर्माण हुँदै गर्दा पालिकाले भन्दा प्रदेशले र प्रदेशले भन्दा देशले बढी लाभ हासिल गर्ने सम्भावना स्पष्ट छ । मूलत: दक्षिण एसियाली क्षेत्र क्रिकेट खेलका लागि विश्वकै महाशक्ति हो । भारतले विश्वकप प्रतियोगिता आयोजना गरिरहेका वर्तमान सन्दर्भमा नेपालसँग एउटा आधारभूत संरचनासहितको अन्तर्राष्ट्रिय रंगशाला नहुनु बिडम्बनापूर्ण अवस्था हो । दक्षिण एसियाको भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश हुँदै अफगानिस्तान र अब नेपालले समेत टि-२० विश्वकप खेल्ने अवस्थासम्म आइपुग्दा गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला दक्षिण एसियाकै लागि एउटा महत्वपूर्ण संरचना समेत हुने सम्भावना छ ।

यतिबेला प्रदेश सरकारको प्रतिवद्धता जति महत्वपूर्ण छ त्यसको उपयोगिता अभिवृद्धि गर्दै रंगशालाको संरचना तयार पार्नेतर्फ सबै सरोकारवाला जिम्मेवार हुनुपर्छ । क्रिकेटको पूर्वाधार र संरचनासँगै क्रिकेट खेलको विकासका लागि खेलाडी उत्पादन, क्रिकेट खेलका लागि आवश्यक जनशक्ति निर्माण, क्रिकेट प्रतियोगिताहरुको संचालन, उचित व्यवस्थापन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव र उपलब्धीका लागि पनि आवश्यक तयारी गर्न ध्यान दिनु जरुरी छ । एउटा सम्भावना देखिएको क्षेत्रमा भरतपुर महानगरपालिकाले प्रदेश सरकारलाई विश्वासमा लिएसँगै संघीय सरकारलाई पनि विश्वासमा लिएर अगाडि बढ्नुपर्छ । यो समग्र प्रयासमा क्रिकेट एसोसिएसन अफ नेपाल (क्यान) ले प्राविधिक पक्षमा स्पष्ट योजना बनाएर अगाडि जाने अवस्था रहनुपर्छ । जसले आजको ठूलो लगानीबाट भोलि पालिका, प्रदेश हुँदै देशले आफ्नो सक्षमताका लागि लाभ लिने अवसर पनि रहोस् ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय ५२०४९५	फापरबारी इलाका ६२१९८०
जिल्ला प्रहरी कन्ट्रोल १००	चित्लाङ इलाका ६२१०००
ट्राफिक प्रहरी १०३	वारुण यन्त्र १०१
वडा प्रहरी ५२०२९९	बालबालिका खोजतलास केन्द्र १०४
पशुपतिनगर इलाका ५२०५९८	बाल हेल्पलाइन १०९८
मनहरी इलाका ९८५५०९०१६१	हेलो सरकार ११११
भीमफेदी इलाका ६९१४६२	नेपाल टेलिकम सोधपुछ १९७
पालुङ इलाका ६२०४६७	

तपाईको राशिफल

पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : मित्र र पारिवारीक सहयोग प्राप्त हुने समय छ ।
वृष : धार्मिक र सामाजिक काममा समय व्यतित होला ।
मिथुन : व्यापार–व्यवसायले गति प्राप्त गर्न सक्ने छ ।
कर्कट : भावना र कल्पनामा नबहकिँदा राम्रो होला ।
सिंह : व्यापार–व्यवसाय मध्यमकारक नै मान्नुपर्दछ ।
कन्या : कर्तव्यप्रति जिम्मेवारी थपिने समयको योग छ ।
तुला : प्रशंसा र सहानुभूति बटुल्न सकिने योग छ ।
वृश्चिक : अध्ययन–अध्यापनका काममा सफलता प्राप्त ।
धनु : काममा विशेष लगनशीलता बढ्ने योग छ ।
मकर : व्यापार–व्यवसाय ठिकै रहने समय योग छ ।
कुम्भ : ज्ञान र तालिम बढाउने समय योग रहेको छ ।
मीन : पढाइ– लेखाइ त्यति राम्रो नहुने समय योग छ ।

प्रधानमन्त्री कुलपति रहिरहे रोकिन्न विश्वविद्यालयको बर्बादी

समिक बडाल

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. धर्मकान्त बास्कोटाले बिदाइ हुँदै गर्दा अर्थपूर्ण अभिव्यक्ति दिए– प्रधानमन्त्री कुलपति रहने व्यवस्था बदलौं।

हामीले वर्षौंदेखि भन्दै आएको कुरा पनि त्यही हो । किनकि विश्वविद्यालयको शासकीय संरचना पुनर्गठन नगरी हाम्रो विश्वविद्यालयहरूको प्रगति सम्भव छैन । त्यसैले प्रधानमन्त्री मानार्थ नेतृत्व रहने व्यवस्था बदल्नु विश्वविद्यालय सुधारको महत्वपूर्ण कदम हुनेछ ।

त्यसको विकल्पमा अवधारणा छन् । तर विश्वविद्यालयको कार्यकारी नेतृत्वको रूपमा बोर्ड अफ ट्रष्टीको अवधारणाप्रति हामीले जोड दिन उत्तम हुन्छ ।

विश्व परिवेश

सम्बन्धित देशको राजनैतिक व्यवस्था र ऐतिहासिक पृष्ठभूमिले विश्वविद्यालय सञ्चालन विधि निर्धारण गर्ने गरेको पाइन्छ। प्रसिद्ध रहेको एउटा अवधारणामा शासन सत्ताको कुनै पद वा कुनै सामाजिक/धार्मिक संस्थाको कुनै पदमा रहेको व्यक्ति मानार्थ कुलपति हुने र उसले विश्वविद्यालयको नेतृत्व गर्ने प्रचलन पाइन्छ ।

अर्को अवधारणा कुनै समिति वा बोर्डको मातहतमा कुलपति, अध्यक्ष वा सभापति नियुक्त हुने र उसैको नेतृत्वमा विश्वविद्यालय सञ्चालन हुने गर्दछ ।

परम्परागत रुपमा रहेको विश्वविद्यालयमा राष्ट्राध्यक्ष/सरकारप्रमुख अथवा त्यस्तै कुनै निश्चित व्यक्तिलाई मानार्थ कुलपति मान्ने प्रचलन छ। आधुनिक अवधारणामा चाहिं सरोकारवालाहरुको सहभागितामा योग्य र विश्वविद्यालयसँग सम्बन्धित व्यक्ति नियुक्त हुन्छन् ।

आधुनिक अवधारणाबाट सञ्चालित विश्वविद्यालयहरुमा कुलपति नियुक्त गर्दा सर्च कमिटी गठन गर्ने र कुलपतिको लागि दरखास्त आह्वान गर्ने गरी चयन हुने उपयुक्त व्यक्तिले विश्वविद्यालयको नेतृत्व गर्छन् । त्यस्तो सर्च कमिटीमा विश्वविद्यालयका प्राध्यापक, विद्यार्थी, भूतपूर्व विद्यार्थी, कर्मचारी, सल्लाहकार लगायत हुन्छन् ।

कुनै कुनै विश्वविद्यालयले कुलपति नियुक्त गर्ने जिम्मा कुनै स्वतन्त्र निकायलाई दिन्छन्। त्यस्तो निकायले निश्चित मापदण्डको आधारमा कुलपति नियुक्त गर्छन् । कैयौं विश्वविद्यालयले बढुवा गरेर कुलपति नियुक्त गर्छन् ।

राष्ट्रप्रमुख, सरकारप्रमुख अथवा अन्य त्यस्तै निश्चित व्यक्तिलाई कुलपति नियुक्त गर्ने प्रक्रियाका आफ्नै विशेषता र कमजोरी छन्। राष्ट्रप्रमुख वा सरकारप्रमुख कुलपति हुँदा विश्वविद्यालयको प्रतिष्ठा बढ्नेसँगै आर्थिक प्रबन्धमा सहज हुने विश्वास गरिन्छ।

त्यस्तो विश्वविद्यालयलाई आन्तरिक र बाह्य सम्बन्ध विस्तारमा सहयोग पुग्न सक्छ । यस्तो प्रणालीसँग कमजोरी पनि प्रशस्तै छन्। राष्ट्र सञ्चालनमा बढी केन्द्रित हुँदा विश्वविद्यालयलाई आवश्यक समय दिन सक्दैनन्। जसको कारण विश्वविद्यालय अनिर्णयको बन्दी हुने सम्भावना रहन्छ ।

राजनैतिक व्यक्ति विश्वविद्यालयको प्रमुख हुँदा आवश्यक भन्दा बढी राजनीतीकरण हुने सम्भावना रहन्छ । विश्वविद्यालयका अवयवलाई पक्ष र विपक्षमा विभक्त बनाउँछ।

जबकि विश्वविद्यालय प्राज्ञिक क्षेत्र हुन् । त्यसैले प्राज्ञिक क्षेत्रबाट नै नेतृत्व आउनुपर्छ। तर राष्ट्रप्रमुख वा सरकारप्रमुख विश्वविद्यालयको नेतृत्वमा रहँदा विश्वविद्यालयले विषय विज्ञ नेतृत्वको सम्भावना गुमाउँछ। अन्य सरोकारवालाहरुको भूमिका कमजोर बन्छ ।

संस्थाको मूल नेतृत्व राजनीतिक हुँदा अरू नियुक्ति पनि अपारदर्शी ढंगले हुन्छन् । नेतृत्वको अधिनायकत्व स्थापित हुँदा विश्वविद्यालयको निर्णय प्रक्रिया स्वेच्छाचारी बन्ने सम्भावना रहन्छ ।

तर स्वतन्त्र व्यक्ति विश्वविद्यालयको नेतृत्वमा स्थापित गर्दा विषयविज्ञ, प्राज्ञिक व्यक्तित्व र सबल नेतृत्वले नियुक्ति पाउने सम्भावना रहन्छ । विश्वविद्यालयले वास्तविक स्वायत्तता र स्वतन्त्रताको अनुभूति गर्न पाउँदछन् । राजनैतिक हस्तक्षेप न्यूनीकरण गर्न सकिन्छ ।

मूल नेतृत्व छनोट एउटा प्रक्रियाबाट हुँदा अरू नियुक्ति प्रक्रियामा पनि सुधार देखिन्छ । त्यसैले राष्ट्रप्रमुख वा सरकार प्रमुख कुलपति हुने अभ्यासबाट विश्वका अधिकांश विश्वविद्यालय स्वायत्त बोर्ड अफ ट्रष्टी र स्वतन्त्र रूपमा नियुक्त कुलपतिले सञ्चालन गर्नेतर्फ उन्मुख छन् ।

जसले गर्दा विश्वविद्यालयको नेतृत्व चयनमा लोकतन्त्रीकरण, पारदर्शी, उत्तरदायी र प्रभावकारी बन्दै गएको देखिन्छ । मुख्य कुरा त बोर्ड अफ ट्रष्टीले विश्वविद्यालय सञ्चालन गर्दा प्राज्ञिक नेतृत्वको सुनिश्चितता हुन्छ । त्यस्तो नेतृत्वले विश्वविद्यालयमा प्राज्ञिक स्वायत्तताको सुनिश्चितता गर्छ र प्राज्ञिक गुणस्तर बढाउँछ ।

बोर्ड अफ ट्रष्टीले नियुक्त गर्ने कुलपतिसँग योग्यता, अनुभव र समय हुने भएकाले प्राज्ञिक प्रशासन सञ्चालन प्रभावकारी बन्छ । अझ निरन्तर सरकार बदलिरहने देशहरूमा बोर्ड अफ ट्रष्टी उचित हुन्छ ।

विश्वविद्यालयको प्राज्ञिक अवस्थामा सुधार ल्याउन १८औं तथा १९औं शताब्दीमा विश्वभर चलेको अभियानको उपलब्धि स्वरुप विश्वविद्यालयको सञ्चालन विधि स्वायत्त बनाउने तथा स्वतन्त्र बोर्ड अफ ट्रष्टीको विधि अपनाउन थालिएको हो । शक्तिपृथकीकरणको सिद्धान्तले पनि विश्वविद्यालयमा राष्ट्रप्रमुख वा सरकारप्रमुख कुलपति हुने व्यवस्था निस्तेज गर्न बल पुग्यो ।

त्यसो त दोस्रो विश्वयुद्ध पछिको शीतयुद्धकालीन अवस्थामै विश्वविद्यालय सञ्चालनका प्रक्रियामा परिवर्तन देखा पर्न थालेको हो। सो अवधिमा विश्वविद्यालयहरु रणनैतिक मञ्चको रूपमा विकसित हुन थाले, जसको कारण विश्वविद्यालयहरुलाई पनि पूर्ण क्षमतामा चलाउने, सरकारले विश्वविद्यालयलाई आफ्नो पक्षमा पार्न पर्याप्त सुधार गर्ने लगायत प्रयत्न भए ।

यसै समय विश्वविद्यालयमा सरोकारवालाहरुका विभिन्न समिति बन्न थाले र ती समितिले विश्वविद्यालय सञ्चालनमा अधिकार माग्न थाले । यसले विश्वविद्यालयको सञ्चालन तथा निर्णय प्रक्रियामा सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्न थाल्यो । जसले गर्दा विश्वविद्यालय सञ्चालन प्रक्रिया प्रजातान्त्रिक र सहभागितामूलक हुन थाल्यो ।

विश्वव्यापीकरण र भूमण्डलीकरणले पनि विश्वविद्यालयको सञ्चालनमा प्रत्यक्ष प्रभाव पारेका छन् । भूमण्डलीकरणले अन्तरविश्वविद्यालय सम्बन्धको दायरा फराकिलो बनाउँदै गयो ।

विश्वविद्यालयहरुले एकल रुपमा सञ्चालन गर्ने कार्य निरुत्साहित गर्न थाल्यो । अन्तर विश्वविद्यालय सम्बन्ध तथा सहकार्यको दायरा फराकिलो हुँदै जान थाल्यो । विद्यार्थी तथा शिक्षकहरूको अन्तरदेशीय बसाइँसराइ बढ्न थाल्यो, जसको कारण एउटा विश्वविद्यालयको प्राज्ञिक गुणस्तरको कुरा विश्वव्यापी सरोकारको विषय हुनेभयो । जसको कारण सबै विश्वविद्यालयहरुमा प्राज्ञिक स्वायत्तता कायम गर्ने र प्राज्ञिक गुणस्तरलाई विश्वव्यापी रुपमा मान्यता प्राप्त गराउनुपर्ने बाध्यता देखा पर्न थाल्यो ।

त्यस्तै, विद्यार्थी तथा शिक्षकहरुको बढ्दो बसाइँसराइको कारण पनि विश्वविद्यालयलाई आफ्नो प्राज्ञिक गुणस्तरमा निरन्तर वृद्धि गर्नुपर्ने र त्यसको लागि योग्य नेतृत्वको सदैव आवश्यकता हुनेभयो । गुणस्तरको यो दौडमा विश्वविद्यालयले चुस्त रुपमा निर्णय गर्नुपर्ने अवस्था सृजना हुन थाल्यो, जसको कारण अत्यन्त प्रभावकारी बोर्ड अफ ट्रष्टी तथा त्यसले नियुक्त गर्ने सक्षम कुलपतिको नेतृत्वमा विश्वविद्यालय सञ्चालन हुने दिशामा विश्वविद्यालयहरु जान थाले ।

तर नेपालमा अहिले पनि प्रधानमन्त्री कुलपति रहने व्यवस्था छ । दिल्ली विश्वविद्यालयको प्रमुख भारतको राष्ट्रपति हुने व्यवस्था छ । सिंगापुरको राष्ट्रपति नेशनल युनिभर्सिटी अफ सिंगापुरको कुलपति हुने व्यवस्था छ। विश्वका कतिपय विश्वविद्यालयमा पनि यो व्यवस्था छ । तर, विस्तारै यो अभ्यास कमजोर बन्दै गएको छ र यो अभ्यास अपवादको रूपमा अस्तित्वमा रहने देखिन्छ ।

समयक्रमसँगै राष्ट्रप्रमुख, सरकार प्रमुख वा कुनै शासकीय पदको व्यक्ति कुलपति हुने व्यवस्थाबाट बोर्ड अफ ट्रष्टीद्वारा कुलपति नियुक्त हुने क्रम निरन्तर चलिरहेको छ । संयुक्त राज्य अमेरिकाको युनिभर्सिटी अफ क्यालिफोर्नियामा पहिलो क्यालिफोर्नियाको गभर्नर मानार्थ कुलपति (बोर्ड अफ ट्रष्टीको प्रमुख) हुने व्यवस्था थियो। तर, उक्त पदलाई स्वायत्त बनाउन ट्रष्टीद्वारा औपचारिक छनोटको प्रक्रियाद्वारा कुलपति नियुक्त गर्ने अभ्यासको थालनी भयो।

अष्ट्रेलियाको अष्ट्रेलियन नेशनल युनिभर्सिटीमा पहिले प्रधानमन्त्री कुलपति हुने व्यवस्था थियो, तर अहिले विश्वविद्यालय काउन्सिलले कुलपति नियुक्त गर्ने प्रक्रिया सुरु गरिएको छ । केन्याको युनिभर्सिटी अफ नैरोबीमा केन्याको राष्ट्रपति कुलपति हुने व्यवस्थाको अन्त्य गरेर विश्वविद्यालय काउन्सिलले खुल्ला प्रतिस्पर्धा मार्फत कुलपति नियुक्त गर्ने व्यवस्था गरिएको छ।

फिलिपिन्सको राष्ट्रपति फिलिपिन्स विश्वविद्यालयको कुलपति हुने व्यवस्था थियो, त्यहाँ अहिले स्वतन्त्र बोर्ड अफ ट्रष्टीले कुलपति नियुक्त गर्ने व्यवस्था छ। दक्षिण अफ्रिकाको युनिभर्सिटी अफ केपटाउनमा पनि पहिला दक्षिण अफ्रिकाको राष्ट्रपति कुलपति हुने व्यवस्था थियो, त्यसलाई परिमार्जन गरेर खुल्ला प्रतिस्पर्धा मार्फत कुलपति नियुक्त गर्ने व्यवस्थाको सुरुवात गरिएको छ ।

बेलायतको अक्सफोर्ड विश्वविद्यालय र भारतको युनिभर्सिटी अफ दिल्लीमा पनि मानार्थ कुलपतिको अधिकारमा अत्यधिक कटौती गरेर बोर्ड अफ ट्रष्टी वा त्यस्तै निकायलाई शासकीय अधिकारहरु प्रदान गरिएको छ ।

हार्वर्ड विश्वविद्यालय, स्ट्यान्फर्ड विश्वविद्यालय, म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी, युनिभर्सिटी अफ टोरन्टो, युनिभर्सिटी अफ सिड्नी लगायत विश्वका अधिकांश विश्वविद्यालयमा बोर्ड आफ ट्रष्टी मार्फत विश्वविद्यालय स्वायत्त रुपमा सञ्चालित छन् ।

ट्रष्टीबाट विश्वविद्यालयको नेतृत्व चयन गर्ने प्रक्रियामा योग्यता, अनुभव र प्राज्ञिक पृष्ठभूमिका व्यक्तिहरूको संलग्नता हुन्छ। यसले विश्वविद्यालयको दिनानुदिनका जिम्मेवारी बहन गर्नेदेखि भावी योजना तर्जुमामा प्रभावकारिता आउँछ ।

विश्वविद्यालयलाई विद्यमान कानुन अनुरुप सञ्चालन गर्न, विश्व बजारमा प्रतिपर्धात्मक बन्न र प्राज्ञिक जिम्मेवारीलाई कुशलतापूर्वक बहन गर्न बोर्ड जिम्मेवार हुन्छ । बोर्डलाई प्रविधिसँग समायोजन गराउँदै जाने र परिवर्तित शैक्षिक वातावरणमा अनुकूल बनाउँदै जाने जिम्मेवारी पनि हुन्छ ।

विश्वभर प्रचलनमा रहेका केही अभ्यासलाई आधार मानेर हेर्दा विश्वविद्यालयको बोर्ड अफ ट्रष्टीको गठन निश्चित कानुनी आधारमा गरिएको हुन्छ। विश्वविद्यालयलाई स्वायत्त इकाइको रुपमा विकसित गर्ने अवधारणा अनुरुप प्राय: विश्वविद्यालयहरुको सञ्चालन आफ्नै आन्तरिक कानुनी व्यवस्था अनुरुप हुन्छन् ।

बोर्ड अफ ट्रष्टीको सदस्यमा विश्वविद्यालयसँग सरोकार राख्ने सरकारी अधिकारी, भूतपूर्व विद्यार्थी, प्राध्यापक, स्थानीय समुदाय, व्यावसायिक संघसंस्था, दाता, कर्मचारी र विद्यार्थी आदिका प्रतिनिधिहरु हुन्छन् । यिनीहरुको क्लस्टरबाट कुन आधारमा सदस्य तय गर्ने भन्ने कुरा पनि नियमावलीमा स्पष्ट पारिएको हुन्छ। मुख्य रुपमा क्षमताको आधारमा निष्पक्ष छनोट प्रक्रिया वा निर्वाचनको आधारमा सदस्य छनोट गरिन्छ ।

बोर्ड अफ ट्रष्टीको अर्को महत्वपूर्ण विशेषता भनेको यसले विश्वविद्यालय सञ्चालनको नेतृत्व भविष्यमा कसको काँधमा आउँछ भन्ने कुरा निर्क्योल गर्न सक्छ। मानार्थ कुलपति हुने कुरा सरकार गठन, निर्वाचन जस्ता भविष्य निर्धारण गर्न जटिल संरचनामा आधारित हुन्छ ।

नेपालको सन्दर्भ

नेपालमा पछिल्लो तीन दशकमा थुप्रै परिवर्तन भए पनि विश्वविद्यालयहरुको संरचनामा परिवर्तन देखिएन। प्रधानमन्त्रीको अधिनायकत्व र केन्द्रीकरण जारी रह्यो । राज्य समावेशी संरचनामा रुपान्तरित भयो, तर विश्वविद्यालयहरुमा परम्परागत समूहकै वर्चस्व कायम छ ।

सिंहदरबारको अधिकार गाउँगाउँ गए पनि त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको चौघेरामै रह्यो । हाम्रा विश्वविद्यालय सञ्चालनको संरचना अत्यन्त केन्द्रीकृत र भद्दा छ। यसलाई तत्काल विकेन्द्रित, स्वायत्त र चुस्त नबनाउने हो भने विश्वविद्यालयहरु खण्डहरमा रुपान्तरित हुने प्रक्रिया रोकिने छैन । क्याम्पसहरु निरन्तर असान्दर्भिक बन्दै गइरहनेछन् । विद्यार्थीको आकर्षण विदेशतिर भइरहनेछ।

बदलिएको राजनीतिक-सामाजिक वस्तुस्थितिका आधारमा पनि अब विश्वविद्यालय सञ्चालन संरचना बदल्न आवश्यक छ। नेपालमा त्रिभुवन विश्वविद्यालय २०१६ सालमा र २०४३ सालमा नेपाल संस्कृत विश्वविद्यालयको स्थापना भयो ।

पञ्चायतको अन्त्यपछि काठमाडौं विश्वविद्यालय (२०४८), पोखरा विश्वविद्यालय (२०५४), पूर्वाञ्चल विश्वविद्यालय (२०५२), लुम्बिनी विश्वविद्यालय (२०६०), मध्यपश्चिमाञ्चल विश्वविद्यालय (२०६८), सुदूरपश्चिम विश्वविद्यालय (२०६७), नेपाल कृषि तथा वन विश्वविद्यालय ((२०६८), नेपाल खुला विश्वविद्यालय (२०७३), राजर्षि जनक विश्वविद्यालय (२०७४), गण्डकी विश्वविद्यालय (२०७६), मनमोहन प्राविधिक विश्वविद्यालय (२०७६) र मधेश कृषि विश्वविद्यालय (२०७८) मा स्थापना

....बाँकी पृष्ठ ३ मा

“बिदामा बालबालिकालाई व्यवहारिक ज्ञान सिकाई दिन अभिभावकलाई अनुरोध गरेका छौं”

पर्व बिदाका कारण अधिकांश विद्यार्थीहरु अहिले घरमै छन् । नगन्य संख्यामा विद्यालय पूर्णरुपमा सञ्चालनमा रहेका छन् भने केही विद्यालयले मावि तहका कक्षा सञ्चालन गरिरहेका छन् । विद्यालय बिदा भएका कारण विद्यार्थी घर, परिवारमा खेल्ने, रमाउने गरेका छन् । यसै सन्दर्भमा विद्यार्थीका क्रियाकलाप, घरमा रहँदा ध्यान दिनुपर्ने कुरा, अभिभावकको भूमिकाका विषयमा हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलकी शिक्षक सन्ध्या बस्नेतसँग समृद्ध समाज दैनिकका लागि सुप्रभा चौलागाईले गर्नुभएको कुराकानीको सम्पादित अंशः

समाजः अहिले विद्यालयको शैक्षिक अवस्था कस्तो छ ? विद्यालयमा के कस्ता क्रियाकलापहरु भैरहेको छ ?

बस्नेत: अहिले साना कक्षाका बालबालिकाहरुको पढाई भएको छैन । तर कक्षा ८, ९ र १० को भने नियमित कक्षा सञ्चालन भैरहेको छ । लामो बिदाले पढाईबाट विद्यार्थीहरु टाढा नहुन् भनी विद्यालयमा पढाई भएको हो । यस्तै विद्यालयमा कार्तिक २७ गते कार्यक्रम हुँदैछ । त्यसैको तयारी का लागि केहि विद्यार्थीहरु अभ्यासका लागि भनी आएका छन् ।

समाजः सानो कक्षाका बालबालिकाहरु घरमा के गरिरहेका छन् यो समयमा ?

बस्नेत: बिदा सुरु हुन भन्दा अगाडि नै हामी शिक्षकहरुले गृहकार्य दिएका छौं । अनि अभिभावकहरुलाई पनि साना नानीबाबुहरुलाई सामाजिक कार्यमा संलग्न गराउन र व्यवहारिक ज्ञान सिकाई दिन अनुरोध गरेका छौं । कसरी घरका साना-साना काममा परिवारलाई सहयोग गर्ने र आदर कसरी गर्ने जस्ता व्यवहारहरु सिकाउन समेत अनुरोध गरेका छौं । यसबाट केहि हदसम्म बिदा उपयोगी हुने अपेक्षा गरेका छौं ।

समाजः अभिभावक भएर शिक्षक पनि हुनुहुन्छ । तपाई शिक्षक र अभिभावक दुबै हुनुभएको कारण के फाईदा भएको छ ?

बस्नेत: शिक्षक र अभिभावक दुबै हुँदा धेरै फरक भएको छैन ।

सन्ध्या बस्नेत
शिक्षक, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल

म विद्यालयमा मेरो छोराछोरी दुबैका लागि शिक्षक हुँ । मलाई फरक छु जस्तो लाग्दैन । सबै विद्यार्थीहरु आफ्नै बालबालिका हुन् जस्तो लाग्छ र विद्यार्थीहरु पनि सहकार्य गर्ने गर्छन् ।

समाजः विद्यालयमा अभिभावकहरुको कस्ता गुनासाहरु आउँछन् ?

बस्नेत: गुनासा सामान्य किसिमका हुन्छन् । बालबालिकाहरु भनेको काम मान्दैनन् । विद्यालयको शिक्षकका कुरा मात्र मान्ने गरेका छन् भन्ने जस्ता हुन्छन् । यसमा अभिभावकको कमजोरी हुन्छ । अभिभावक आफुले समय दिने र राम्रो हेरचाह गरेमा यो समस्याको पनि समाधान हुन्छ ।

समाजः बिदामा धेरै विद्यालयबाट भ्रमण जानु भएको छ । तपाईको विद्यालयमा भ्रमणका लागि कस्तो तयारी छ ?

बस्नेत: तिहार सकिएपछि ३ दिनका लागि कक्षा १० लाई शैक्षिक अवलोकन भ्रमणमा लगिँदै छ । अरु कक्षाको भने तालिका बनाई छोटो दुरीमा रमणीय यात्रा गराउने तयारी छ ।

सहकारी अस्पतालमा एक महिनामा २ हजार भन्दा बढीले सेवा लिए

समाज संवाददाता

हेटौंडाः मकवानपुर सहकारी अस्पतालले असोज महिनामा २ हजार ८ सय ७९ जनालाई सेवा प्रदान गरेको छ । असोज महिनामा मकवानपुर सहकारी अस्पतालबाट २ हजार ८ सय ७९ जनाले सेवा लिएका मकवानपुर सहकारी अस्पतालका नर्स इन्चार्ज राज कुमारी घिमिरेले जानकारी दिनुभयो ।

सहकारी अस्पतालको फिजिसिन विभागबाट १ हजार २१ जना, नाक, कान, घाँटीसम्बन्धी ७१ जना, स्त्री तथा प्रसुती स्वास्थ्यतर्फ १ सय १९ जना, सर्जरीतर्फ १ सय ९६ जनाले सेवा लिएका छन् । यस्तै मानसिक स्वास्थ्यतर्फ १८ जना, कार्डियो विभागमा ५८ जना, बाल स्वास्थ्यसम्बन्धी १ हजार ५ जना, हाडजोर्नीसम्बन्धी २ सय ७४ जना र छाला स्वास्थ्यतर्फ ७१ जनाले सेवा लिएका छन् । मकवानपुर सहकारी अस्पतालका सामान्य फिजिसियन डा. विजय कुमारका अनुसार अस्पतालमा धेरै वयस्क आउने गरेका छन् । डा. कुमारका अनुसार अस्पतालमा अहिले चाडपर्वका कारण बिरामीको चाप कम भएको छ ।

मकवानपुर सहकारी अस्पतालको सामान्य फिजिसियन विभागमा अहिले ज्वरो, प्रेसर, मुटुका बिरामी धेरै आउने गरेका छन् । डा. कुमारका अनुसार अहिले सहकारी अस्पतालमा धेरै सेवा तथा सुधार आएको छ । मकवानपुर सहकारी अस्पतालले गम्भीर बिरामीलाई राख्न नसक्ने डा. कुमारले बताउनुभयो । अस्पतालमा जटिल शल्यक्रिया, हृदयघात जस्ता बिरामी आएमा डाक्टरले भरतपुर र काठमाडौं रेफर गर्ने गरेको छ । साथै, जिल्लामा बारा, रौतहट, सर्लाहीबाट समेत सेवाग्राही आउने गरेको डा. कुमारले जानकारी दिनुभएको छ ।

५ जनामा डेंगु पुष्टि

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा बुधबार ५ जनामा डेंगु पुष्टि भएको छ । स्वास्थ्य कार्यालय मकवानपुरले सार्वजनिक गरेको विवरण अनुसार बुधबार ५ जनामा डेंगु पुष्टि भएको छ ।

डेंगु पुष्टि हुनेमा ४ जना हेटौंडा उपमहानगरपालिकाका रहेका छन् भने एकजना अन्य जिल्लाका बासिन्दा रहेको विवरणमा उल्लेख छ । साउन यता मकवानपुरमा ७ सय ४४ जनामा डेंगु भइसकेको छ । डेंगु पुष्टि हुनेमा हेटौंडा उपमहानगरपालिकाका ५ सय ११ जना रहेका छन् ।

म्याद नाघेका सामान बेच्ने २ पसललाई कारबाही

समाज संवाददाता

हेटौंडाः स्थानीय प्रशासनको अगुवाईमा भएको अनुगमनको क्रममा हेटौंडा बजारका २ वटा पसल कारबाहीमा परेका छन् । जिल्ला प्रशासन कार्यालय मकवानपुरको नेतृत्वमा बुधबार भएको अनुगमनमा अनुज्ञा पत्र नभएको र म्याद नाघेका सामग्रीहरू विक्री गर्ने २ वटा पसललाई नगद ६० हजार जरिवाना गरिएको कार्यालयले जनाएको छ ।

अनुगमन टोलीले ५ वटा पसलको अनुगमन गरेकोमा २ वटा पसलबाट म्याद नाघेका ९४ हजार ६ सय ५ रुपैयाँ बराबरको सामान नष्ट समेत गरेको छ । मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी झरेन्द्र प्रसाद चापागाई, आन्तरिक राजश्व कार्यालय मकवानपुर, घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय मकवानपुर, हेटौंडा उपमहानगरपालिका, जिल्ला प्रहरी कार्यालय मकवानपुर, मकवानपुर उद्योग वाणिज्य संघ, उपभोक्ता हित संरक्षण मञ्चका प्रतिनिधिसहितको टोलीले हेटौंडा बजार क्षेत्रमा रहेका पसलहरुको अनुगमन गरेको हो । चाडपर्व लागेसँगै सम्बन्धित निकायले अनुगमनलाई तिब्रता दिँदै आएको छ ।

सार्वजनिक संस्थानमा सरकारको लगानी ८ खर्ब पुग्यो

काठमाडौंः सार्वजनिक संस्थान-निकायमा सरकारको लगानी झण्डै पौने ८ खर्ब रुपैयाँ पुगेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार आर्थिक वर्ष (आव) २०७९/८० सम्म नेपालका सार्वजनिक संस्थानमा सरकारले ७ खर्ब ८३ अर्ब ८७ करोड ७५ लाख ५६ हजार रुपैयाँ लगानी गरेको छ । जसमध्ये सेयर लगानी ३ खर्ब ८६ अर्ब ७ करोड २७ लाख ८६ हजार रुपैयाँ रहेको छ । यो कुल लगानीको ४९ प्रतिशत हो । ऋण लगानी भने ३ खर्ब ९७ अर्ब ८० करोड ४७ लाख ७० हजार रुपैयाँ रहेको छ ।

कुल लगानीमा ऋणको अंश ५१ प्रतिशत रहेको छ । यो रकममा सरकार जमानत बसेको दायित्वको हिसाव भने छैन । अर्कोतर्फ अन्तर्राष्ट्रिय सेयर लगानीको हिसाव यसै दायित्व भित्र समेटिएको छ । नेपाल सरकारले अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक र एसियाली विकास बैंकमा समेत हरेक वर्ष लगानी गरेको हुन्छ । ऋण लगानीतर्फ नेपाल सरकारको आन्तरिक स्रोतबाट १ खर्ब ५२ अर्ब १५ करोड र वैदेशिक लगानीबाट २ खर्ब ४५ अर्ब ६४ करोड रुपैयाँ लगानी भएको छ । बन्द र सञ्चालनमा रहेका १४८ सार्वजनिक संस्थान तथा निकायमा सरकारले सेयर तथा ऋण लगानी गरेको छ ।

नेपाल सरकारले अहिलेसम्म सार्वजनिक संस्थानमा गर्ने लगानीसम्बन्धी नीति बनाउन सकेको छैन । जसले गर्दा लगानीको प्राथमिकता स्पष्ट हुन सकेको छैन । अहिले संस्थान र निकायको तत्कालीन आवश्यकता मात्र पूरा गर्ने उद्देश्यले लगानी गर्दा अपेक्षित उपलब्धि हासिल हुन नसकेको विश्लेषण कार्यालयको छ । नेपाल सरकारले ८ खर्ब रुपैयाँ लगानी गरेका सार्वजनिक संस्थानबाट आव २०७९/८० मा लाभांशमार्फत २७ अर्ब ३८ करोड रुपैयाँ मात्र सरकारले प्राप्त गरेको छ ।

यस आवमा सरकारले ११ अर्ब ८१ करोड रुपैयाँ साँवा फिर्ता ल्याएको छ । ब्याज आम्दानी भने एक वर्षमा ८ अर्ब ७२ करोड रुपैयाँ गरेको छ । यस अनुसार एक वर्षको अवधिमा सरकारले सार्वजनिक संस्थानबाट ४७ अर्ब ९१ करोड ६२ करोड रुपैयाँ प्राप्ती गरेको छ । जुन अहिलेसम्मकै बढी हो । अघिल्लो आव २०७८/७९ मा १३ अर्ब ३६ करोड रुपैयाँ मात्र प्राप्ती भएको थियो । नेपाल सरकारले बन्द भएका र जीर्ण अवस्थामा रहेका सार्वजनिक संस्थानलाई अझै पनि ऋण दिन्छ । त्यस्तो ऋण तलब भत्ता, प्रशासनिक खर्च, अवकास सुविधा लगायत प्रशासनिक खर्चमा उपयोग हुन्छ । त्यस्ता संस्थानबाट सरकारलाई तिर्नुपर्ने रकम असुल नहुने भएकाले सावाँ र ब्याजको रकम बढ्दै गइरहेको छ ।

कार्यालयले यस समस्याबारे सुझाव दिँदै भनेको छ, ‘नेपाल सरकारले सार्वजनिक संस्थानलाई तलव भत्ता तथा प्रशासनिक खर्च जस्ता क्षेत्रमा ऋण लगानी गर्नु भन्दा अनुदान दिनु उपयुक्त हुन्छ ।’ विगतमा सञ्चालनमा रहेपनि अहिले बन्द रहेका धेरैजसो संस्थानबाट सरकारले उठाउन बाँकी रकम उठ्न सकेको छैन । जसमा रघुपति जुट मिल्स, विराटनगर जुट मिल्स, वीरगञ्ज चिनी कारखाना, लुम्बिनी सुगर मिल, कृषि औजार कारखाना लिमिटेड, कृषि चुन उद्योग लिमिटेड, भक्तपुर ईंटा कारखाना, हरिसिद्धि इटा टायल कारखानासहितका कम्पनी छन् । हिमाल सिमेन्ट, हेटौंडा कपडा उद्योग, नेपाल मेटल कम्पनी, नेपाल ओरियन्ड म्याग्नेसाइड, बुटवल धागो कम्पनी, जनकपुर चूरोटसहितका संस्थानमा समेत सरकारको ऋण लगानी रहेको छ । जसको सावाँ ब्याज सरकारले प्राप्त गर्न सकेको छैन । सरकारले यस्ता संस्थानको जायजेथा रोक्का गरी असुल उपर समेत गर्न नसक्दा असुल गर्नुपर्ने रकमको अंक हरेक वर्ष बढ्दै गएको देखिन्छ ।

स्रोतः अनलाइनखबर ।

प्रधानमन्त्री कुलपति...

भयो । त्रिभुवन विश्वविद्यालय र नेपाल संस्कृत विश्वविद्यालय शासकीय दृष्टिकोणबाट रणनैतिक महत्वका थिए । शासकले आफूलाई आवश्यक पर्ने विचारको निर्माण यिनै विश्वविद्यालयबाट गरे ।

तर, समयक्रमसँगै शासकीय व्यवस्थालाई चाहिने विचार निर्माणमा यी विश्वविद्यालयहरुको भूमिका गौण भइसकेको छ । संस्कृत विश्वविद्यालय त अस्तित्व रक्षाको अवस्थामा पुगेको छ । तर विश्वविद्यालय सञ्चालनको संरचना बदलिएको छैन । पहिले राज्यका धेरै इकाइहरु विकसित भइसकेका थिएनन्, विश्व व्यवस्थासँग नेपालको सम्बन्ध कमजोर थियो । तसर्थ, विश्वविद्यालयको नेतृत्वको भूमिका निर्वाह गर्न सरकार प्रमुखसँग समयको उपलब्धता पनि थियो ।

तर, आज सरकारप्रमुखले निर्वाह गर्नुपर्ने भूमिका विस्तार भएको छ । सरकारप्रमुखले विश्वविद्यालयको नेतृत्वको रुपमा जति समय दिनुपर्ने हो त्यति समय दिन सक्ने अवस्था छैन । अर्कातिर सरकारप्रमुख सदैव राजनैतिक व्यक्ति हुँदा विश्वविद्यालयहरूको नेतृत्व चयन राजनीतीकरणले ग्रस्त छ ।

विश्वविद्यालयका पदाधिकारी, प्राध्यापक र कर्मचारी राजनीतिक रुपमा नियुक्त हुने समस्या छ । विद्यार्थी राजनीतिक रुपमा विभाजित छन् । अनि परिणाम भने हाम्रा विश्वविद्यालयहरूले विश्व बजारमा प्रतिस्पर्धा गर्न योग्य विद्यार्थी उत्पादन गर्न सकिरहेका छैनन् । तसर्थ विश्वविद्यालयहरुलाई विश्वस्तरमा प्रतिस्पर्धी बनाउनु तत्कालको मुख्य दायित्व हो । त्यो दायित्व विश्वविद्यालयको नेतृत्व छनोट विधि परिवर्तन गरेर सुरु गर्नुपर्छ ।

(बडाल अनेरास्ववियुका केन्द्रीय अध्यक्ष हुन् । स्रोतः अनलाईखबर)

मोटरसाइकल हराएको सूचना

मिति २०८० साल कार्तिक १७ गतेका दिन बिहान ११:३० बजेको समयमा हेटौंडा–४, हुप्राचौरबाट घर अगाडि पार्किङ्ग गरेर राखेको अवस्थामा हुलास फिन सर्भ लि.को नाममा रहेको नमराज पौडेल क्षेत्रीको बा.प्र.०६–००२प ५८१२ नम्बरको नीलो रङको २२० सिसिको पल्सर मोटरसाइकल (च्याचिस नम्बर MD2A13EX8MCJ99211, इन्जिन नम्बर DKXCMJ33454) हराएको हुँदा कहिँकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनु हुन यो सूचना प्रकाशित गरिन्छ ।

सम्पर्कः९८५५०३७६००

BUDDHA
Bar & Restaurant
CHEESE
Pizza
Rs.100
Per Slice
WELCOME ON
Aaswin 17
Wednesday
ONWARDS
Hetauda-4, School Road
For Delivery
9802923576
buddhabar&restaurant

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

टोलस्तरीय भलिबलको उपाधि दुम्सीडाँडालाई

उपाधिसाथ दुम्सीडाँडा टोलको भलिबल टिम ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-११ मा आयोजित टोलस्तरीय भलिबल प्रतियोगिताको उपाधि दुम्सीडाँडा टोलले जितेको छ । बुधबार सम्पन्न फाइनल खेलमा कृष्ण मन्दिर टोललाई ३-० को सोझो सेटमा पराजित गर्दै दुम्सीडाँडा टोलले उपाधि जितेको हो ।

सातौं संस्करणको उपाधि विजेता दुम्सीडाँडा टोल विकास संस्थाले नगद ३० हजार रुपैयाँसहित सिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । उपाविजेता कृष्ण मन्दिर टोलले २० हजार रुपैयाँसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । सेमीफाइनलमा पराजित भएका सूर्योदय टोल र तल्लोताल टोलले ५/५ हजार रुपैयाँ सान्त्वना पुरस्कार प्राप्त गरेका छन् । वडा खेलकुद विकास समितिको आयोजनामा भएको प्रतियोगितामा ६ वटा टोलको सहभागिता रहेको थियो ।

खेलकुद विकास समितिका संयोजक प्रभाकर पुडासैनीको अध्यक्षता तथा वडा अध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यमा पुरस्कार वितरण गरिएको छ। प्रतियोगितामा उत्कृष्ट खेलाडी दुम्सीडाँडाका निश्चल राना मगर घोषित भए । यस्तै उत्कृष्ट स्पाइकर कृष्ण मन्दिर टोलका राजेश घिमिरे, उत्कृष्ट ब्लकर सूर्योदय टोलका असिम श्रेष्ठ, उत्कृष्ट डिफेन्डर दुम्सीडाँडा टोलका संगीत परियार र उत्कृष्ट लिफ्टरमा दुम्सीडाँडा टोलकै सुशान्त आले मगर घोषित भए । उत्कृष्ट खेलाडीले ट्रफी प्राप्त गरेका छन् ।

लागुऔषध ओनरेक्ससहित २ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडा-१५, चुरियामाईबाट लागुऔषध ओनरेक्ससहित २ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारतको बिहार राज्य मोतिहारी गान्धिनगर-८ का १७ वर्षीय विकास कुमार र पर्सा जिल्लाको बीरगंज मेडिकल कलेजका १६ वर्षीय दिलजान रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

मंगलबार प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरी टोलीले पथलैयाबाट हेटौंडा आउँदै गरेको भारतीय नम्बर बीआर ०६ एम ८५०७ नम्बर मोटरसाइकललाई सुरक्षाजाँच गर्दा उनीहरुको साथबाट लागुऔषध ओनरेक्स ४५ बोतल बरामद गरेको थियो । लागुऔषध ओनरेक्ससहित दुवै जनालाई नियन्त्रणमा लिई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरमा राखिएको प्रहरीले जनाएको छ ।

वडास्तरीय ब्याटमिन्टन भोलिदेखि

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका ५ नम्बर वडास्तरीय दोस्रो व्याटमिन्टन प्रतियोगिता भोलि शुक्रबारबाट हुने भएको छ । प्रतियोगिताको तयारी पूरा भएको संयोजक नरेन्द्र मोक्तानले जानकारी दिनुभएको छ ।

वडा कार्यालयको आर्थिक सहयोगमा हुने प्रतियोगिता पिप्लेस्थित बालज्योति माविको कभर्ड हलमा हुनेछ। प्रतियोगितामा १६ जोडीले प्रतिस्पर्धा गर्ने संयोजक मोक्तानले बताउनुभयो । आइतबारसम्म सञ्चालन हुने प्रतियोगिताको विजेताले नगद १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले नगद १० हजार रुपैयाँ प्राप्त गर्नेछ। यस्तै सेमिफाइनलमा पराजित हुने दुई टिमले २ हजार ५ सय रुपैयाँका दरले पाउनेछ।

मकवानपुर र पर्साका क्रिकेट पदाधिकारीबीच मैत्रीपूर्ण खेल हुने

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला र पर्सा जिल्लाका क्रिकेट संघका पूर्व खेलाडी तथा पदाधिकारीहरुबीच मैत्रीपूर्ण खेल हुने भएको छ । आगामी शनिबार हेटौंडा-४, हुप्रचौरमा मैत्रीपूर्ण खेल हुने क्रिकेट संघ मकवानपुरका सचिव विनोद कुमार बानियाँले जानकारी दिनुभयो ।

पर्सा र मकवानपुरबीच टि-२० क्रिकेट हुने सचिव बानियाँले बताउनुभयो । मकवानपुर र पर्साका पदाधिकारीबीच दोस्रोपटक मैत्रीपूर्ण खेल हुन लागेको हो । यसअघि २०७६ सालमा भएको मैत्रीपूर्ण खेलमा पर्सा विजयी भएको थियो ।

शहिद स्मृति फुटबलः प्रदेश प्रहरी र बागमती विजयी

समाज संवाददाता

बकैयाः मकवानपुरको बकैया गाउँपालिकामा जारी शहिद स्मृति अन्तरपालिका खुल्ला नकआउट पुरुष फुटबल प्रतिगोगिताको पहिलो खेलमा प्रदेश प्रहरी कार्यालय मकवानपुर विजयी भएको छ । अखिल नेपाल खेलकुद महासंघको आयोजनामा बकैया-४ स्थित जुरेली मैदानमा बुधबार भएको पहिलो खेलमा प्रदेश प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिकालाई १-० गोलअन्तरले हराउँदै विजयी भएको हो ।

प्रदेश प्रहरीको तर्फबाट दोस्रो हाफको २६ औं मिनेटमा रामकृष्ण राउतले निर्णायक गोल गरे । म्यान अफ द म्याच राम कृष्ण राउत घोषित भए । आफू भन्दा अग्रज खेलाडीसँग प्रतिस्पर्धा गर्नु परेकोले, निक्कै कठिन प्रतिस्पर्धात्मक प्रतियोगिता भएकोले हार व्यहोर्नु परेको उपमहानगपालिकाका टिमका प्रशिक्षक ज्ञानु क्षेत्रीले बताउनुभयो ।

यस्तै बुधबार भएको दोस्रो खेलमा बागमती गाउँपालिका विजयी भएको छ । बागमती गाउँपालिकाले माझी उत्थानलाई २-० गोलअन्तरले हराउँदै विजयी भएको हो । माझी उत्थानको तर्फबाट दोस्रो हाफको २६ मिनेटमा आकाश रानाले १ गोल गरे । प्रतियोगितामा ९ वटा टिमहरुको सहभागिता रहेको छ । प्रतियोगिताको उपाधी विजेता टिमले १ लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने विधागत उत्कृष्ट खेलाडीहरुका लागि समेत विशेष पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ । प्रतियोगिता आयोजनाका लागि ९ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । प्रतियोगिताको फाइनल खेल कार्तिक २५ गते हुनेछ ।

२८ तोला सुनसहित लोथरबाट २ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको राप्ती नगरपालिका-१, लोथरमा प्रहरीले २८ तोला सुनसहित २ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा चालक सङ्खुवासभा जिल्लाको बाह्रबिसे गाउँपालिका-८ का ४३ वर्षीय कमल अधिकारी र सिन्धुली जिल्लाको फिक्कल गाउँपालिका-३ का ४३ वर्षीय दिल बहादुर थापा रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

मंगलबार दिउँसो ४ बजेर ५० मिनेटको समयमा प्रहरी टोलीले सुचनाको आधारमा हेटौंडाबाट चितवन जाँदै गरेको बा प्र ०२-०३९ प ७५३२ नम्बरको स्कुटरलाई सुरक्षाजाँच गर्दा उनीहरुको साथबाट थापाले बोकेको झोलाबाट सुन १० ग्रामको बिस्कुट आकारको ३३ थान (३३० ग्राम) २८ तोला बरामद गरेको थियो । सुनसहित दुवैजनालाई नियन्त्रणमा लिई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय चितवन पठाएको प्रहरीले जनाएको छ ।

कमाने प्रिमियर लिगमा ८ वटा टिम

समाज संवाददाता

हेटौँडाः कमाने क्रिकेट क्लबले आयोजना गर्न लागेको कमाने प्रिमियर लिगको दोस्रो संस्करणमा ८ वटा टिमको सहभागिता रहने भएको छ । क्लबले लिगमा सहभागी हुने टिमको सूचि बुधबार सार्वजनिक गरेको छ। टिमका खेलाडीको सूचिसहित प्रकाशित गरेको विवरणअनुसार लिगमा साविक विजेता कमाने हन्टर्ससहित कमाने बुल्स, कमाने राइडर्स, कमाने राइनोज, कमाने लायन्स, कमाने टाइगर, कमाने रोयल्स र कमाने अर्नाजले कमाने प्रिमियर लिगमा सहभागिता जनाउने भएका छन् ।

पहिलो संस्करणमा पनि ८ वटै टिमको सहभागिता रहेको थियो । पहिलो संस्करणमा सहभागी कमाने जायन्ट्सको ठाउँमा कमाने अर्नाजले स्थान बनाएको छ । मंसिर १ गते सुरु भई मसिंर ३ गतेसम्म हुने प्रतियोगिता टी-१० को ढाँचामा हुनेछ । प्रतियोगितामा सहभागी हुने टिममा हेटौँडा उपमहानगरपालिका ८ नम्बर वडाका १२ वर्ष वा सो भन्दा बढी उमेरका खेलाडी हुनुपर्नेछ। आयोजक कमाने क्रिकेट क्लबले टिम क्याप्टेनको नाम पनि सार्वजनिक गरेको छ ।

KAMANE PREMIER LEAGUE SEASON 2
WINNER

कमाने लायन्सको क्याप्टेन कमल खतिवडा, कमाने राइनोजको क्याप्टेन बेनु शर्मा, कमाने राइडर्सको क्याप्टेन विवेक कार्की, कमाने हन्टर्सको क्याप्टेन अरुण दाहाल, कमाने रोयल्सको क्याप्टेन सतिश अधिकारी, कमाने अर्नाजको क्याप्टेन बिवश अर्जेल, कमाने टाइगर्सको क्याप्टेन दिपिन जंग कार्की र कमाने बुल्सको क्याप्टेन किशोर खत्री रहेका छन् । एउटा टिममा १५ जनाका दरले एक सय २० जना खेलाडीको नामावली पनि सार्वजनिक गरिएको छ ।

पहिलो संस्करणको तुलना पुरस्कार राशीमा पनि केही सुधार गरिएको छ । पहिलो संस्करणमा लिग विजेताले १५ हजार रुपैयाँ नगदसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेका थिए भने दोस्रो संस्करणको विजेताले २५ हजार रुपैयाँ नगद प्राप्त गर्नेछ । पहिलो संस्करणको उपविजेताले १० हजार नगदसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको थियो भने दोस्रो संस्करणको उपविजेताले १५ हजार रुपैयाँ प्राप्त गर्ने आयोजक कमाने क्रिकेट क्लबका अध्यक्ष किशोर खत्रीले जानकारी दिनुभएको छ ।

वडा कार्यालयसँगको समन्वयमा चन्द्रोदय माविको खेल मैदानमा प्रतियोगिता आयोजना गरिनेछ । प्रतियोगिता आयोजना गर्न करिब २ लाख रुपैयाँ लाग्ने अनुमान गरिएको कमाने क्रिकेट क्लबका सचिव प्रशान्त राज गिरीले जानकारी दिनुभएको छ । पहिलो संस्करणको उपाधि कमाने हन्टर्सले जितेको थियो ।

के तपाइँ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ?
यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
Email:sambridhasamaj@gmail.com

A.N.B. ELECTRONICS
Hetauda-4, Khopegalli
२०-२५%
दशैं विशेष
अफर
AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, DEEP FREEZER, COOlER तथा अन्य ईलेक्ट्रोनिक्स सामानहरू होलसेल मुल्यमा पाईन्छ ।
साथै AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, मर्मत गर्नुपरेमा तपाईको घरमै प्राविधिक उपलब्ध गराईनेछ ।
प्रोप्राईटरः अंकित ढकाल
९८५५०-६२९७७

हार्दिक बधाई एवम् आभार

हरेक वर्ष वडा दसैं एवम् तिहार पर्वको अवसरमा आयोजना गरिँदै आएको **टोलस्तरीय भलिबल प्रतियोगिता**को **सातौं संस्करण** मंगलबार र बुधबार सफलतापूर्वक आयोजना गर्न सहयोग गर्नुहुने सम्पूर्ण खेलाडी, अफिसियल, वडा कार्यालय, जनप्रतिनिधि, स्थानीय संघ, संस्थामा हार्दिक आभार व्यक्त गर्दै उपाधि विजेता दुम्सीडाँडा टोल, उपविजेता कृष्ण मन्दिर टोललाई बधाई ज्ञापन गर्दै सहभागी सबै टिमलाई धन्यवाद ज्ञापन गर्दछौं ।

प्रभाकर पुडासैनी, संयोजक
एवम् वडा खेलकुद विकास समिति परिवार
हेटौँडा-११, नवलपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ